# एफएम रेडियो र यससम्बन्धी बहसको दिशा

देवराज हुमागाईं

२०६१ सालसम्म नेपालमा जम्मा ५६ ओटा एफएम रेडियोले प्रसारणका लागि इजाजत पत्र प्राप्त गरेका थिए र करिब ५० ओटा रेडियोले नियमित प्रसारण थालिसकेका थिए । इजाजत पत्र लिएका हिसाबले देशका झण्डै दुई दर्जन जिल्लाहरूसम्म मात्र एफएम रेडियोको उपस्थिति थियो । नेपालको ६० प्रतिशतभन्दा बढी जनसङ्ख्याबीच एफएम रेडियोको प्रसारण पुगेको अनुमान त्यति बेला पनि गरिन्थ्यो (हुमागाईं २०६२क) । २०६१ माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन सुरु गरेपछि इजाजत प्रदान गर्ने प्रक्रियालाई अवरुद्ध मात्र पारिएन इजाजत पाइसकेका रेडियोले पनि सञ्चालनका लागि आवश्यक उपकरण भित्र्याउन पाएनन् । र, सञ्चालनमा आइसकेका रेडियोले राज्यको कठोर नियन्त्रण र हस्तक्षेप सहनुपऱ्यो । सङ्कटकालको बहानामा गीत सङ्गीतबाहेक कुनै पनि समाचार, विचार, सूचना र विश्लेषण प्रसारण गर्ने रोक लगाइयो । तर त्यस्तो छेकबार आम रेडियोकर्मीको सशक्त प्रतिरोध र साहसपूर्ण सङ्घर्षका कारण शाही शासनकालभरि पनि टिक्न सकेन (ढुङ्गेल २०६४) ।

२०६२/६३ मा भएको जनआन्दोलनको सफलतापश्चात् बनेको लोकतान्त्रिक सरकारले रेडियोलगायत अन्य सञ्चारमाध्यममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले लगाइएका सबै खालका प्रतिबन्धहरू हटायो । लामो समयदेखि रेडियो सञ्चालनका लागि इजाजतको पर्खाइमा रहेका तथा नयाँ निवेदन दिएकाहरूले क्रमशः

इजाजत प्राप्त गरे । अहिले देशका प्राय: सबै जिल्लामा रेडियोको इजाजत पत्र पुगिसकेको छ । इजाजत लिएका सबै एफएम रेडियोहरूले प्रसारण सुरु गरी नसकेको भए तापनि एफएम रेडियोका तरङ्ग भने नेपालका लगभग सबै जिल्लामा पुगेका छन् ।[१] सङ्ख्यामा हेर्ने हो भने २०६५ साउनको दोस्रो हप्तासम्म आइपुग्दा नेपालमा २९० ओटा एफएम रेडियोले सरकारबाट इजाजत पत्र लिइसकेका छन् । तीमध्ये आधाभन्दा बढी अर्थात् १५३ ओटा रेडियो प्रसारणमा आइसकेका छन् ।[२] स्वामित्वका हिसाबले विभिन्न किसिमका निजी वा सार्वजनिक सङ्घसंस्था एफएम रेडियोको सञ्चालनमा अघि सरेका पाइन्छन्, जसमा कम्पनीका रूपमा दर्ता भएका व्यापारिक प्रतिष्ठानदेखि, नेपाल सरकारका स्थानीय निकाय, गैरसरकारी संस्था, सहकारी संस्था, शैक्षिक संस्था आदि छन् । सञ्चालन र व्यवस्थापनका दृष्टिले हेर्ने हो भने वातावरणीय क्षेत्रमा काम गर्न खुलेका संस्था, धार्मिक संस्थादेखि दलित, कमैया आदि पछाडि पारिएका समुदायका लागि काम गर्न खुलेका संस्थासम्म पनि रेडियोको सञ्चालन गर्न अघि सरेका छन् । त्यतिमात्र होइन सञ्चालन र व्यवस्थापनका सबै तहमा महिलाहरू मात्र संलग्न भएका रेडियो स्टेसनहरू पनि सञ्चालनमा आइसकेका छन् ।[३] रेडियो सगरमाथाले २०५४ जेठ ५ मा पहिलो स्वतन्त्र रेडियोका रूपमा इजाजत पाएर जेठ ९ गतेदेखि प्रसारण थालेको हिसाबले नेपालमा स्वतन्त्र रेडियो सुरु भएको एक दशक नाघिसकेको छ ।[४] यो छोटो अवधिमा एफएम रेडियोको यो विकास र विस्तार उल्लेखनीय छ । नेपालमा मात्र होइन यहाँ भएको रेडियोको विस्तार समग्र दक्षिण एसियामा नै उदाहरणीय मानिन्छ ।

नेपालमा एफएम रेडियोको विस्तारले यसप्रति नेपाली समाजको बढ्दो आकर्षणलाई स्पष्ट रूपमा सङ्केत गर्छ । यो विस्तारले अबका दिनमा एफएम

---

१ एफएम रेडियोको प्राविधिक पहुँचबारे अध्ययन गर्दै आएको इक्वेल एक्सेस नेपालका प्राविधिक संयोजक पवनप्रकाश उप्रेतीसँग २०६५ भदौ २४ मा गरिएको कुराकानीमा आधारित । उप्रेतीका अनुसार रसुवा, मनाङ, डोल्पा, मुस्ताङजस्ता केही हिमाली जिल्लाहरूमा डाँडाकाँडामा एफएम रेडियोको तरङ्ग पुगेको देखिए तापनि मानिसको बसोबास भएका सदरमुकाम लगायत इलाकाहरूमा भने एफएम रेडियोको तरङ्ग पुगिनसकेकाले त्यहाँका श्रोताहरूमा एफएम रेडियोको पहुँच भने शून्यकै स्थितिमा रहेको छ ।

२ हेर्नुहोस् यसै पुस्तकमा पवनप्रकाश उप्रेतीको लेख (अध्याय ३) ।

३ विराटनगरमा अवस्थित रेडियो पूर्वाञ्चल यसरी सबै तहमा महिलामात्र रहेर सञ्चालित रेडियो स्टेसन हो ।

४ रेडियो सगरमाथा सञ्चालन हुनुभन्दा डेढ वर्ष अगाडि रेडियो नेपालको एफएम काठमाडौँले २०५२ कात्तिक ३० देखि आफ्नो प्रसारण सुरु गरेको थियो । तसर्थ नेपालको पहिलो एफएम रेडियो एफएम काठमाडौं हो भने गैरसरकारी तबरबाट स्थापित रेडियो सगरमाथा नै पहिलो स्वतन्त्र रेडियो हो ।

रेडियोबारे हुने/हुनसक्ने बहस र अध्ययनलाई पनि प्रभाव पार्छ र पारेको पनि छ। नेपाली समाजमा विभिन्न तबरले एफएम रेडियोसम्बन्धी बहस अगाडि बढिरहेका पनि छन्। मार्टिन चौतारी, एमएस नेपाल, नेपाल वातावरण पत्रकार समूह, नेपाल प्रेस इन्स्टिच्यूट जस्ता केही संस्थाहरू अनुसन्धान र पुस्तक प्रकाशनका माध्यमद्वारा यस्ता बहसलाई बाहिर ल्याउने सानोतिनो प्रयासमा लागेका पाइन्छन्। त्यसै गरी सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब), सामाजिक संवादका लागि सहकार्य, प्रेस काउन्सिल नेपाल, इक्वेल एक्सेस नेपाल जस्ता संस्थाहरू चाहिँ अन्तर्क्रिया, सेमिनार वा सम्मेलनको आयोजना गरी यस्ता बहसहरूलाई अगाडि बढाइरहेका छन्। रेडियोको स्वामित्व, पहिचान र वर्गीकरण, नेटवर्किङ, रेडियोको राजनीतिक पक्षधरता आदिबारेका बहसले हिजोआज तीव्रता पाएको देखिन्छ। तर रेडियोका कार्यक्रम र तिनले पारेको प्रभावबारे पर्याप्त मात्रामा गहन अध्ययन र बहस हुन भने अझै सकेका छैनन्। त्यसमाथि पनि अन्तर्क्रिया, सेमिनार, सम्मेलन आदि जस्ता गतिविधिको तुलनामा अनुसन्धानमूलक काम ज्यादै धीमा गतिमा अगाडि बढिरहेको छ। त्यस्ता अनुसन्धान प्रयासहरू सङ्गठित स्वरूप र नियमित हिसाबले भन्दा पनि व्यक्तिगत रुचिकै आधारमा भइरहेका पाइन्छन्। एफएम रेडियोबारे अनुसन्धानमूलक सामग्री समेटिएका प्रकाशित पुस्तकको न्यून सङ्ख्याले नै यो कुराको पुष्टि गर्दछ।

यो पुस्तक नेपालका स्वतन्त्र रेडियो क्षेत्रमा विगत एक दशकमा भएका विकास, देखिएका उपलब्धि र त्यस क्रममा आइपरेका चुनौतीमा नै मूलरूपमा केन्द्रित छ। पुस्तकको शीर्षक– *स्वतन्त्र रेडियोका एक दशक : विकास, बहस र सामाजिक सरोकार* ले नै पुस्तकको उद्देश्य प्रस्ट्याउँछ। सुरुआतदेखिको एक दशकमा एफएम रेडियो प्रसारणमा भएका विकासका केही पक्षहरू कोट्याउँदै तीबारे बहस अगाडि बढाउने र सामाजिक सरोकारका विषयमा एफएम रेडियोले खेलेको भूमिकाको समीक्षा गर्ने उद्देश्यले यो पुस्तक तयार पारिएको हो। पुस्तक मुख्यतः तीन खण्डमा बाँडिएको छ। पहिलो खण्डमा समावेश छ ओटा लेखमा एक दशकको अवधिमा देखिएको एफएम रेडियोको विकास तथा त्यसका संस्थागत पक्षहरू समेटिएको छ। दोस्रो खण्डमा सामाजिक सरोकारका केही प्रतिनिधिमूलक पक्षहरूबारेको चर्चा र विश्लेषण छ भने पुस्तकको तेस्रो तथा अन्तिम खण्डमा एफएम रेडियोमा श्रोताको पहुँच र सहभागिताको सन्दर्भ केलाइएको छ।

## सुरूआती दिनमा चल्ने गरेका बहसको स्वरुप

नेपालमा एफएम रेडियोको सङ्ख्यात्मक विस्तारले यस क्षेत्रमा धेरै चुनौती पनि थपिदिएको छ ।[५] सँगै एफएम रेडियोबारे नेपाली समाजमा हुने बहसका आयामहरू निकै फराकिलो हुँदै गएका छन् । नेपालमा एफएम रेडियो भर्खरभर्खर सुरुआत हुँदाको समयमा मुख्य गरी दुई थरी बहस नेपाली समाजमा चल्ने गर्दथे । पहिलो बहस विशेष गरी एफएम रेडियोमा प्रयोग हुने भाषासम्बन्धी हुन्थ्यो । दोस्रो खालको बहस चाहिँ एफएम रेडियोसम्बन्धी नीति र कानूनलाई लिएर हुने गर्दथ्यो । रेडियो सगरमाथा सुरु हुनुभन्दा पनि अगाडिदेखि जब रेडियो नेपालको स्वामित्वमा रहेको एफएम काठमाडौं सञ्चालनमा आयो, उक्त एफएमको समय किनेर निजी कम्पनीहरूले विविध किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने गर्दथे । ती कार्यक्रममा सञ्चालकहरूले प्रयोग गर्ने गरेका लवज, अङ्ग्रेजी मिश्रित उद्घोषण, त्यहाँ अङ्ग्रेजी वा हिन्दी गीत सङ्गीतलाई दिइएको स्थान तथा ती रेडियोमा बज्ने कार्यक्रमहरूमा भ्यालेन्टाइन्स डे, क्रिसमस, इस्वी सम्वत्को नयाँ वर्ष आदि जस्ता चाडपर्वका चर्चा परिचर्चा – जुन नेपाली समाजका लागि त्यतिखेरसम्म नौला नै थिए– आदिलाई लिएर विभिन्न सार्वजनिक डबली र मिडियामा व्यापक बहस र विवाद हुन्थ्यो । एफएम रेडियोले विदेशी भाषा र संस्कृति भित्र्याएर नेपाली भाषा र संस्कृतिलाई ध्वस्त बनाउने भयो भन्दै नेपालीको सामाजिक पहिचानमै सङ्कट उत्पन्न भएका जस्ता तर्कहरू त्यति बेला गरिन्थे । त्यतिमात्र नभई यसलाई नरोक्ने हो भने नेपाली युवा वर्ग बिग्रन्छन् भनेर अफिमजस्तो लागुपदार्थसँग एफएम रेडियोको तुलनासमेत हुन्थ्यो । थोरै मात्र टीकाटिप्पणी एफएम रेडियोका अन्य सकारात्मक सम्भावनाहरूलाई लिएर हुने गर्दथ्यो । यस्ता बहसले नेपाली समाजमा एफएम रेडियोको सुरुआतदेखि २०५५/५६ सालतिरसम्म पनि स्थान पाइरह्यो । भाषा र संस्कृतिसम्बन्धी यिनै बहसलाई ध्यान दिएर तत्कालीन सरकारले एफएमहरूका लागि प्रसारण निर्देशिका २०५५ नै जारी गर्नुपरेको थियो ।[६] नेपाली समाजमा एफएम रेडियोको विस्तार र विकाससँगै एफएम रेडियोमा नेपाली भाषाले पाएको बढ्दो स्थानसँगै यो बहस बिस्तारै आफैं सेलाएर गयो ।

---

[५] एफएम रेडियोका क्षेत्रमा देखिएका समग्र चुनौतीको विश्लेषण यसै पुस्तकको अध्याय १ मा गोपाल गुरागाईंले गरेका छन् ।

[६] एफएम रेडियोमा त्यति बेला हुने भाषासम्बन्धी बहस तथा प्रसारण निर्देशिका २०५५ बारे थोरै चर्चा मैले अन्यत्र गरेको छु (हुमागाईं २०६२ख) ।

सुरुआती दिनहरूमा हुने एफएम रेडियोका नीति वा कानूनसम्बन्धी बहसहरू भने इजाजत पत्र वितरण गर्दा हुने किचलो, त्यसभित्रको अपारदर्शीता र त्यसक्रममा रेडियोका सञ्चालकहरूले गर्नुपरेका सङ्घर्ष, सहनुपरेका भेदभावमा नै बढी केन्द्रित हुन्थे । खास गरी एफएम रेडियोका प्रवर्द्धकहरू राज्यको नीति तथा कानूनले तोकेको मापदण्डका आधारमा विनाझञ्झट रेडियो सञ्चालनको इजाजत पाउनुपर्ने, इजाजत दिँदा भेदभाव गरिन नहुने, यो प्रक्रियालाई पारदर्शी गराउनु पर्ने कुरामा आवाज उठाइरहन्थे भने राज्य सञ्चालनको जिम्मेवारी पाएका सञ्चारमन्त्री तथा मन्त्रालयका पदस्थ कर्मचारीहरू आफ्ना विश्वास पात्रबाहेकका व्यक्तिलाई रेडियो प्रसारणको इजाजत दिँदा 'खतरा' हुने ठान्थे र इजाजत पत्र वितरणलाई आफ्नो तजबिजी अधिकारका रूपमा प्रयोग गर्ने गर्थे ।[७] २०६२/६३ को जनआन्दोलनपछि विनाभेदभाव देशै भरि एफएम प्रसारणका लागि स्वीकृति दिन थालेपछि इजाजत पत्र नपाइएका आवाजहरू मत्थर भएका छन्, यद्यपि इजाजत पत्र वितरण प्रक्रियालाई ऐन कानूनमै व्यवस्थित तथा पारदर्शी बनाइनुपर्ने बहस अझै चलिरहेको छ ।

## बहसको बदलिँदो आयाम

नेपालको रेडियो आन्दोलनले एक दशकको यात्रा पार गर्दै गर्दा यस क्षेत्रको विकाससँगै विभिन्न समस्याहरू थपिएका छन् भने यसको उपयोगबाट गर्न सकिने समाज परिवर्तनका सम्भावनाहरू पनि उत्तिकै छन् । समयक्रमसँगै रेडियोबारे नयाँ नयाँ बहसहरूले स्थान पाउन थालेका छन् । नीतिगत वा कानूनी अन्योल तथा यसभित्रकै एउटा पाटोको रूपमा फ्रिक्वेन्सी योजना र बाँडफाँटमा देखिएका समस्या, रेडियोको अर्थतन्त्र तथा स्थायित्व, व्यवस्थापकीय सन्दर्भ, रेडियोको नेटवर्किङ र रेडियो कार्यक्रममा सिन्डिकेसन, समावेशीकरण र दबिएका आवाजले रेडियोमा पाएको वा पाउनुपर्ने स्थान, श्रोताको पहुँच र सहभागिता जस्ता सवालहरूबारे हिजोआज बहस हुन थालेका छन्, जसलाई निम्न रूपमा विभाजन गरेर चर्चा गर्न सकिन्छ :

---

७ इजाजत पत्र वितरण प्रक्रियामा तत्कालका सरकार तथा सञ्चारमन्त्रीको रवैयाबारे विस्तारमा मैले अन्यत्र चर्चा गरेको छु (हुमागाईं २०६२क) । रेडियो सगरमाथाको प्रसारणका लागि इजाजत पत्र प्राप्त गर्दा गर्नुपरेको लामो सङ्घर्षको कथाका लागि मैनाली (२०५९) तथा हिमचुली एफएम (पोखरा) को इजाजत पत्र प्राप्त गर्दाको कथाका लागि गुरुङ (२०६१) हेर्नुहोस् ।

### *नीतिगत तथा संस्थागत सवाल*

रेडियो प्रसारणसम्बन्धी नीतिगत सवालमा पनि बहुआयामिक बहसहरू अगाडि आएका छन् । यसबारेको बहस इजाजत वितरण प्रक्रियामा देखिएका समस्याबाट अगाडि बढेर रेडियोलाई तिनको उद्देश्य र प्रकृतिका आधारमा परिभाषित गर्दै तदनुरूप वर्गीकरण गरिनुपर्ने आवाजले हिजोआज प्राथमिकता पाएको छ । रेडियो प्रसारणको सन्दर्भमा एक दशकको अभ्यासलाई हेर्दा विभिन्न स्वामित्व र स्वरूपमा रेडियोहरू सञ्चालन हुने गरेका छन् । यद्यपि कानूनी रूपमा सामुदायिक र व्यापारिक रेडियोको भेदसमेत प्रस्ट हुन सकेको छैन । यसले विभिन्न प्रकृतिका रेडियोको पहिचानमा समस्या पैदा गराएको छ । यसर्थ नेपाल तथा बाहिरी मुलुकमा भइरहेका अभ्यासका आधारमा एफएम रेडियोलाई परिभाषित र वर्गीकरण गर्दै समयानुकूल कानून बन्नुपर्नेमा बहस चर्किंदै गएको पाइन्छ । उता एफएम रेडियोलगायत समग्र प्रसारण क्षेत्रलाई व्यवस्थित तथा नियमन गर्नका लागि अहिलेसम्म कुनै स्वतन्त्र नियामक निकायको स्थापना हुन सकेको छैन । मन्त्रालयकै विभिन्न शाखाअन्तर्गत् यसको सञ्चालन र नियमन हुँदै आएको स्थिति छ । यसलाई नियमन गर्ने स्वतन्त्र निकाय नहुँदा यस क्षेत्रमा देखिएका समस्याहरू सम्बोधन हुन नसकेको तथा यस क्षेत्रको व्यवस्थापनमा जटिलता उत्पन्न भएको जस्ता आवाज चौतर्फी रूपमा उठिरहेको पाइन्छ ।[८]

प्रसारण क्षेत्रलाई व्यवस्थित गर्न नियामक निकायको आवश्यकता औंल्याउँदै त्यसको ढाँचासहित विभिन्न सुझावहरू सरकारसमक्ष पेश गरिएका छन् । तर ती सुझावको कार्यान्वयन हुन सकेको छैन । फ्रिक्वेन्सी बाँडफाँटको उचित योजना र व्यवस्थित प्रक्रिया नहुँदा रेडियोको सङ्ख्यात्मक विस्तारसँगै देखा परेका प्राविधिक समस्याबारेको बहसले पनि रेडियो प्रसारणको क्षेत्रमा उत्तिकै महत्त्व पाएको छ । फ्रिक्वेन्सी बाँडफाँटमा देखिएको अहिलेको अव्यवस्था र अन्योललाई सुधार गर्नेतर्फ कदम नचाल्ने हो भने आउँदा दिनहरूमा राज्य, प्रसारक तथा श्रोताहरूले थप प्राविधिक समस्या बेहोर्नुपर्नेतर्फ पनि उत्तिकै सचेत गराइएको पाइन्छ । यस पुस्तकको अध्याय २ मा एफएम रेडियोबारेका समसामयिक नीतिगत पक्षबारे देवराज हुमागाईंद्वारा चर्चा र विश्लेषण गरिएको छ । अध्याय ३ मा पवनप्रकाश उप्रेतीले फ्रिक्वेन्सी वितरण सम्बन्धमा देखिएको अव्यवस्था र

---

८ रेडियोको वर्गीकरण लगायतका नीतिगत सवालहरूमा बहस चलाउन तथा कानून निर्माणका लागि सरकारलाई दबाब सिर्जना गर्न सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) ले पहल गरिरहेको छ ।

त्यसले पारेका प्रभावका रूपमा नेपाली एफएम रेडियोका फ्रिक्वेन्सी जुध्ने समस्यालाई उठाएका छन् ।

नेपालमा रेडियो प्रसारणका सम्बन्धमा सुरुआतताका तर्जुमा गरिएका नीति तथा ऐन र नियमहरूले यस क्षेत्रमा देखिएका विविध किसिमका चुनौती वा समस्याहरूलाई सम्बोधन गर्न नसकेको चर्चा सर्वत्र उठ्दै आएको छ। साथै, प्रारम्भिक कालमा ल्याइएका कानून र नियमका कतिपय अस्पष्ट, अनुदार र एकापसमा बाझिने खालका प्रावधानहरूले कार्यान्वयनका समयमा अनेक किसिमका बाधा र अड्चनहरू पनि सँगै ल्याएका छन्। त्यही भएर त्यस्ता प्रावधानहरू हटाउन र तिनमा समयानुकूल सुधार गरी गाँठो फुकाउन सम्बन्धित सरोकारवाला नागरिक समूहबाट अनेक आग्रह र दबाब दिइएका छन्। तर अहिलेसम्म पनि सरकारद्वारा सुनुवाइ हुन सकेको छैन । बरु, विभिन्न समयमा सर्वोच्च अदालतमा परेका मुद्दाको निर्णय दिने क्रममा अदालतले विद्यमान कानूनमा रहेका प्रावधानहरूलाई पुनर्व्याख्या गर्दै आइपरेका बाधा हटाउन वा कानूनलाई थप बलियो बनाउन सहयोग पुऱ्याएको पाइन्छ। समाचार बजाउन नपाइने प्रावधानसहित एफएम रेडियोमाथि असंवैधानिक तबरले २०५७ सालमा सरकारले हस्तक्षेप गर्न खोज्दाको अवस्था होस् वा शाही शासनका बेला एफएम रेडियो नै बन्द गर्न खोज्नेसम्मका सरकारी हर्कतहरू हुन्, नागरिकको सूचनाको हक खोसिन पुग्दा अदालतले एफएम रेडियो र समग्र रूपले नेपाली नागरिकका पक्षमा निर्णय सुनाएको छ। यसले प्रसारणसम्बन्धी कानूनलाई बलियो बनाउँदै नागरिकका मौलिक अधिकारहरूलाई अझ बढी सुरक्षित बनाउन मद्दत पुगेको छ । साथै, विगतमा छापा माध्यमले मात्र उपभोग गर्दै आएका संवैधानिक प्रत्याभूति प्रसारण माध्यमले पनि पाउन सकेका छन्। यसले रेडियो पत्रकारिताका लागि लगानी गर्न र यसलाई विनाअवरोध अगाडि बढाउन बलियो आधार पनि खडा गरिदिएको छ ।[९] यसरी रेडियो प्रसारणका सम्बन्धमा समयानुकूल नीति र कानूनको अभाव हुँदाहुँदै पनि सर्वोच्च अदालतको आदेश वा फैसलाबाट स्थापित नजीरहरू प्रसारण क्षेत्रमा देखापरेका कतिपय गाँठाहरू फुकाउन र अगाडि बढ्न सहयोगी भएका छन्। विगतमा जसरी छापा माध्यमले संवैधानिक प्रत्याभूति पाएपछि यसले एउटा आकार ग्रहण गरेको छ र

---

[९] सर्वोच्च अदालतले २०५८ सालमा एफएम रेडियोको पक्षमा गरेको निर्णयबाट नेपालमा रेडियो पत्रकारिता फस्टाउने वातावरण निर्माण हुन पुगेको हो । नेपालमा रेडियो पत्रकारिताको अवस्थालाई केलाउन एफएम रेडियोमा समाचार र संवादमूलक कार्यक्रमलाई लिएर मार्टिन चौतारीद्वारा गरिएको अध्ययन (वन्त र अरू २०६२) बाट पनि यसबारे थप कुरा बुझ्न सकिन्छ ।

व्यावसायिकतातर्फ यो लम्कँदै गएको छ, अबका दिनमा रेडियो प्रसारणको क्षेत्रमा पनि यस्तो परिस्थिति आउनसक्ने आँकलन गर्न सकिन्छ । माधब कुमार बस्नेतले अध्याय ४ मा एफएम रेडियोसम्बन्धी महत्त्वपूर्ण मुद्दा र सर्वोच्च अदालतले गरेका फैसला तथा तिनले गरेको मार्गनिर्देशनबारे चर्चा गरेका छन् ।

नीतिगत तथा कानूनी सवालपछि चर्को रूपमा बहसका लागि उठेको अर्को सवाल एफएम रेडियोको स्थानीयताको हो । काठमाडौँमा स्थापित रेडियोको रिले प्रसारण वा नेटवर्कका नाममा देशका विभिन्न ठाउँमा स्थापित एफएम रेडियोहरूबीच सम्झौता गर्दै काठमाडौँमा उत्पादित समाचार तथा विकासे कार्यक्रमहरू नै जस्ताको तस्तै प्रसारण गर्ने चलन अचेल बढ्दो छ । यसले स्थानीय एफएम रेडियोहरूको प्रसारण समयको उल्लेख्य हिस्सा ओगट्न थालेपछि एफएम रेडियोमा स्थानीयपन हराउँदै गएको र स्थानीय रेडियोहरू केन्द्रमा सञ्चालित रेडियो अथवा कार्यक्रम उत्पादन गृहहरूको 'क्यासेट प्लेयर' बन्न थालेका भन्नेसम्मका तर्कहरू एकथरी व्यक्तिहरूले गर्दै आएका छन् । अर्कातिर, यस्तो अभ्यासले विविध चुनौतीका बीच स्थानीय क्षेत्रमा सङ्घर्षरत् रेडियोहरूलाई आर्थिक सहयोगका साथै स्तरीय कार्यक्रम उत्पादनका लागि प्रेरणा दिएको तथा स्थानीय समुदायलाई पनि केन्द्रका सूचनासम्म सहज पहुँच दिएको तर्क अर्काथरी व्यक्तिहरूले गर्दै आएका छन् । यस्ता बहसहरूको बीचमा यो पुस्तकको अध्याय ५ मा कोमल भट्टले नेपालमा रेडियो नेटवर्किङको ऐतिहासिक पक्ष खोतल्दै नेपालमा रेडियो नेटवर्क निर्माणको उद्देश्य र प्रक्रियाबारे जानकारी प्रदान गरेका छन् । रेडियो नेटवर्किङले एफएम रेडियो र स्थानीय समुदायमा कस्तो प्रभाव पारेको छ भन्ने बहस भने यो पुस्तकमा समेटिएको छैन । यसमाथि छुट्टै अध्ययन आवश्यक छ ।[१०]

रेडियो व्यवस्थापनको पाटोबाट हेर्‍यो भने अहिलेसम्म कामचलाउ रूपमै अगाडि बढिरहेको स्थिति छ । सक्षम र क्षमतावान् रेडियो व्यवस्थापकको अभाव केही अपवादबाहेक अधिकांश रेडियो स्टेसनहरूले अहिलेसम्म पनि भोगिरहेका छन् । आफ्ना जनशक्तिको दक्षता अभिवृद्धिका लागि आवश्यक उपायहरू अपनाउन आर्थिकलगायत अनेक थरी समस्या रेडियो स्टेसनका लागि बाधक देखिएका छन् । त्यसमाथि पनि प्रविधि अथवा 'हार्डवेयर' मा लगानी गर्न चाहिँ तयार हुने रेडियोका सञ्चालकहरू जनशक्ति अथवा 'सफ्टवेयर' मा लगानी गर्नचाहिँ सित्तिमित्ति तयार नै हुँदैनन् । रेडियो सञ्चालनमा प्रविधिलाई नै सबै थोक ठान्ने तर

---

[१०] यस पक्षलाई लिएर मार्टिन चौतारीले अध्ययन थालिसकेको छ, जुन पुस्तकको रूपमा यसै वर्ष आउने छ ।

जनशक्तिमाथिको लगानी र उनीहरूको दक्षता, सेवा, सुविधालाई चाहिँ गौण कुरा ठान्ने रेडियोका 'साहुजी'हरूको मानसिकता धेरै हदसम्म रेडियो व्यवस्थापनका लागि चुनौती बन्न पुगेको छ । रेडियो व्यवस्थापनका सन्दर्भमा देखा परेका यस्तै विभिन्न चुनौतीको चर्चा परिचर्चा अध्याय ६ मा विनय गुरागाईंले गरेका छन् ।

*एफएम रेडियोमा समावेशीपनको सवाल*

मूलधारका मिडियामा स्थान नपाउने आवाजविहीन नागरिकको आवाजलाई स्थान दिनु सामुदायिक रेडियोहरूको दायित्वभित्र पर्दछ । त्यसैले सामुदायिक रेडियोलाई वैकल्पिक रेडियो पनि भन्ने गरिन्छ । व्यावसायिक वा व्यापारिक रेडियोहरूको मुख्य ध्यान नाफाआर्जनतर्फ हुने हुँदा उनीहरू व्यापारिक लाभ हानिको लेखाजोखा गरी बढीजसो तुरुन्तै बिकाउ हुने खालका र उच्च तथा मध्यम वर्गीय नागरिकका चासोका विषयवस्तु प्रसारणतर्फ नै ती मिडिया लाग्ने गर्दछन् । समुदायको मुख्य सरोकार रहने संवेदनशील र गहन विषयवस्तु तथा समाजका तल्लो तप्काका नागरिकको चासो र चिन्तातर्फ उनीहरूको त्यति बढी चासो नहुन सक्छ । तर, सामुदायिक भनिने रेडियो यो दायित्वबाट विमुख हुन सक्दैनन् । तसर्थ, आजको बहसको मुख्य सवाल रेडियोमा सीमान्तकृत वर्ग, जाति वा भाषिक समुदायका मुद्दाहरू कत्तिको मात्रामा र कसरी उठाइएका छन् भन्नेतर्फ पनि लक्षित देखिन्छ । लामो समयदेखि राज्यको मूलधारबाट अलग पारिएका अथवा सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक अधिकारबाट वञ्चित गरिएका महिला, जनजाति, दलित तथा मधेसी र अन्य सीमान्तकृत समुदायका सवाललाई उठाउने सन्दर्भमा एफएम रेडियोले के भूमिका खेल्यो भनेर मिडियाका विश्लेषक तथा सम्बन्धित समुदायका व्यक्तिहरूले लेखाजोखा गर्न थालेको पाइन्छ ।[११] राज्य नियन्त्रित रेडियो नेपाल विगत भण्डै ६ दशकदेखि

[११] विभिन्न व्यक्तिले एफएम रेडियोमा ती समुदायका मुद्दालाई जोडेर गरेका अध्ययनका उदाहरणहरूमा महिलासम्बन्धी जनमत सिर्जना गर्न एफएम रेडियोको उपयोगसम्बन्धी मञ्जु थापाको अध्ययन (थापा २०५९), काठमाडौंका एफएम रेडियोमा नेपाल भाषाका कार्यक्रमसम्बन्धी बसन्त महर्जनको अध्ययन (महर्जन २०५९), तामाङ भाषाको रेडियो कार्यक्रमबारे प्रतीक ङेसुर तामाङको अध्ययन (तामाङ २०६२), रेडियो नेपालसहित एफएम रेडियोहरूमा दलितको सहभागिता र कार्यक्रम प्रसारणबारे चक्रमान विश्वकर्माको अध्ययन (विश्वकर्मा २०५८) र जेबी विश्वकर्माको अध्ययन (विश्वकर्मा २०६४) लाई लिन सकिन्छ । मिडियामा समावेशीकरणका विभिन्न आयामबारेको बहसलाई समेटिएको *समावेशी मिडिया* नामक पुस्तक (वन्त र अरू २०६४) मा पनि एफएम रेडियोमा समावेशीकरणका विभिन्न सन्दर्भहरू उल्लेख छन् ।

प्रसारण हुँदै आएको भए पनि यसले ती समुदायलाई समुचित स्थान कहिल्यै नदिएको आवाज विगतमा बारम्बार उठ्दै आएको परिस्थितिमा[१२] अब एफएम रेडियोतर्फ अझ विशेष गरी सामुदायिक भनिएका रेडियोतर्फ ती आँखा सोझिएका छन् । अहिले नेपालमा एफएम रेडियोहरूको उपस्थिति देशका प्राय: सबै भागहरूमा हुन थालेपछि विभिन्न क्षेत्रमा बहुल सङ्ख्यामा रहेका जातजाति र भाषिक समुदायका विषयवस्तुले स्थान पाए नपाएकाबारे अध्ययन र बहसहरू हुन थालेका छन् ।

यो पुस्तकको दोस्रो खण्ड एफएम रेडियोमा तिनै पछाडि पारिएका समुदायले पाएको स्थान, तिनको विषयवस्तु र प्रस्तुतितर्फ केन्द्रित छ । यस क्रममा अध्याय ७ मा हरिकला अधिकारीले रेडियोको अन्तर्वार्ता कार्यक्रममा प्रयोग भएको भाषागत पक्षलाई विश्लेषण गर्दै नेपाली महिलाले प्रयाग गर्ने संवादको गुणस्तर, मात्रा, सम्बन्ध र तरिकालाई केलाएकी छिन् । नेपाली महिलाको संवादको शैली जुनसुकै पृष्ठभूमिका महिलाको सन्दर्भमा पनि सोही तहका पुरुषको शैलीभन्दा कमजोर छैन भन्ने अधिकारीको तर्क छ । अध्याय ८ मा जनजातिभित्र ठूलो सङ्ख्यामा उपस्थिति रहेको थारू समुदायले एफएम रेडियोमा पाएको स्थान र तिनको विषयवस्तुको चर्चा कृष्णराज सर्वहारीले गरेका छन् । पुस्तकको अध्याय ९ मा जेबी विश्वकर्माले देशभरका रेडियोमा दलित कार्यक्रमलाई दिइएको स्थानबारे जानकारी दिँदै तिनमा प्रसारण हुने विषयवस्तुको लेखाजोखा गरेका छन् । त्यस्तै, धीरेन्द्र प्रेमर्षिले अध्याय १० मा काठमाडौँका एफएम रेडियोबाट प्रसारण हुने मैथिली भाषाका कार्यक्रमको समीक्षा गर्दै केही कार्यक्रमले मिथिला क्षेत्रमा पारेको प्रभावबारे चर्चा गरेका छन् । थारू, मैथिली, दलित तथा मधेसी तीनओटै समुदायका कार्यक्रमको सन्दर्भमा निकालिएको निष्कर्ष भने उस्तै उस्तै छ, अर्थात् एफएम रेडियोको विस्तारले लामो समयसम्म मिडियामा ठाउँ नपाएका

---

[१२] महिला समुदायलाई समेट्ने खालका कार्यक्रमहरूले रेडियो नेपालमा तुलनात्मक रूपले अरूभन्दा स्थान पाएको जस्तो देखिए पनि तिनमा महिलालाई परम्परागत भूमिकामै सीमित राख्ने विषयवस्तुले नै प्राथमिकता पाउने गर्दथे । अर्थात्, महिला भनेको चुलो चौको र घर परिवारकै रेखदेखमा रहनुपर्छ भन्ने अन्तर्निहित सन्देश नै कार्यक्रमले दिइरहेका हुन्थे र महिलाका अधिकार तथा उनीहरूलाई सशक्तीकरण गर्ने विषयवस्तु सधैँ ओझेलमा पारिन्थे । यद्यपि २०४६ साल पछिको स्थितिमा नेपाली समाजमा आएको परिवर्तनसँगै ती समुदायका अधिकारमुखी आन्दोलनले थोरै भए पनि स्थान पाएको निष्कर्ष विभिन्न अनुसन्धानकर्ताहरूले निकालेका थिए । रेडियो नेपालमा महिला कार्यक्रमको समीक्षा गर्दै महिलाका विषयवस्तुले पाएको स्थानबारे बीना शर्मा (२०६१), जनजातिका विषयवस्तुले पाएको स्थानबारे कुमार यात्रु (२०६१) तथा मधेसीका विषयवस्तुले पाएको स्थानबारे धीरेन्द्र प्रेमर्षि (२०६१) ले अध्ययन गरेका छन् ।

समुदायले ठाउँ पाएका छन् तर त्यो गुणस्तरमा भन्दा पनि सङ्ख्यात्मक हिसाबले बढी सन्तोषजनक छ ।

*रेडियोमा श्रोताको पहुँच र सहभागिताको सवाल*

एफएम रेडियोबारे भएको बहसमा स्थान पाएको अर्को महत्त्वपूर्ण सवाल रेडियोमा श्रोताको पहुँच र सक्रिय सहभागिता हो । खास गरी रेडियोबाट प्रसारित विषयवस्तुको सही हकदार तथा त्यसले प्रभाव पार्ने पक्ष रेडियोका श्रोता नै हुन् । तसर्थ, श्रोताको सहभागिता, उनीहरूको रुचि तथा आवश्यकतालाई रेडियो स्टेसनले सधैँ प्राथमिकतामा राख्नु पर्दछ । श्रोताको सक्रिय सहभागिता र हस्तक्षेपले नै रेडियो कार्यक्रमको अन्तर्वस्तु उत्पादन र प्रस्तुतिमा प्रभाव पार्न सक्दछ । श्रोता क्लब वा समूहहरूको गठन गरी विभिन्न रेडियोहरूले आफ्ना श्रोताहरूलाई सङ्गठित गर्ने अभ्यास थारै मात्र रेडियो स्टेसनहरूले गर्ने गरेका छन् । त्यस्ता अभ्यासले रेडियोबाट प्रसारित विषयवस्तुलाई प्रभावकारी बनाउनका लागि महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ । साथै, रेडियो साथी वा सहयोगी समूहका नाउँमा सङ्गठित श्रोताहरूले रेडियोका लागि आर्थिक स्रोत जुटाउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका उदाहरणहरू पनि नेपालकै सन्दर्भमा फाट्टफुट्ट रूपमा देख्न पाइन्छ । त्यस्ता अभ्यासहरूको प्रभावकारिताको मूल्याङ्कन गर्दै रेडियोको श्रोता सहभागितालाई प्रभावकारी कसरी बनाउने भन्ने बहस पनि सुरु भइसकेको छ । यो पुस्तकको तेस्रो खण्ड यसै विषय माथि केन्द्रित छ । अध्याय ११ मा प्रत्यूष वन्तले एफएम रेडियोमाथि नेपाली नागरिकको पहुँचलाई केलाएका छन् । साथै, एफएम रेडियो र श्रोता बीचको दोहोरो सम्बन्ध अर्थात् रेडियोबाट प्रसारित कार्यक्रमको अन्तर्वस्तु निर्माणमा श्रोताले पारेको प्रभाव र श्रोताको जीवन शैलीमा एफएम रेडियोले पारेको प्रभावलाई यस अध्यायमा विश्लेषण गरिएको छ । अध्याय १२ मा भने गुणाकर अर्यालले पाल्पास्थित रेडियो मदनपोखरामा भइरहेको श्रोता सहभागिताको अभ्यास र रेडियोले सँगालको अनुभव पस्केका छन् । सो अध्यायमा रेडियो मदनपोखराले आफ्ना श्रोताहरूलाई विभिन्न रूपमा सङ्गठित गरेर रेडियोको सञ्चालनमा र विशेष गरी कार्यक्रम उत्पादनमा उनीहरूलाई कुशलतापूर्वक परिचालन गरेको पक्षलाई उजागर गरिएको छ । उक्त अध्यायबाट रेडियोका श्रोतालाई सङ्गठित गरेर उचित ढङ्गले परिचालन गर्न सक्यो भने अन्तर्वस्तु निर्माणलगायत सामाजिक सम्बन्ध सुदृढीकरण गर्दै र रेडियोलाई समाजसँग अन्तरघुलन गराउन तथा स्थायित्व दिन निकै सहज हुँदो रहेछ भन्ने शिक्षा अन्य रेडियोका सञ्चालकले पनि लिन सक्ने देखिन्छ ।

अन्तमा, नेपालजस्तो अल्पविकसित देशका लागि रेडियो सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो । नेपालको सन्दर्भमा रेडियोको सङ्ख्यात्मक विस्तारले उल्लेखनीय फड्को मारिरहेको कारणले पनि यसका विभिन्न पक्षलाई लिएर नेपाली समाजमा यसबारेको बहस तीव्र हुँदै गएको छ । यो पुस्तक नेपालका एफएम रेडियोसम्बन्धी अनुसन्धान र बहसलाई अगाडि बढाउँदै यसबारे थप पाठ्य सामग्रीको उत्पादनमा एउटा प्रयास हो । एफएम रेडियोको आर्थिक पक्ष र यसको स्थायित्वको सवाल अहिले निकै जल्दोबल्दो रूपमा उठेको छ जसलाई यो पुस्तकमा विस्तारमा समेट्न सकिएको छैन । सीमान्तकृत समुदायको आवाजबारे कुरा गर्दा जनजातिभित्रका अरू थुप्रै पक्षहरू तथा मधेसीभित्रका पनि थुप्रै भाषाभाषी र समुदायका सवालहरू यस पुस्तकमा छुट्न पुगेका छन् । ती सबै पक्षबारे वृहत्तर रूपमा यो एउटै पुस्तकमा समेट्न अवश्य गाह्रो छ । एफएम रेडियोका हरेक पक्ष जस्तै प्राविधिक, नीतिगत तथा कानुनी, श्रोता, विषयवस्तु वा कार्यक्रम, आर्थिक आदिबारे छुट्टाछुट्टै र बृहत् अध्ययन आवश्यक भइसकेको छ । त्यस्तो अध्ययनका लागि यो पुस्तकले एउटा आधार निर्माण गर्नेछ ।

## सन्दर्भ सामग्री

गुरुङ, लेखबहादुर । २०६१ । मैले अर्को पनि गल्ती गरेँ । *नेपालका सामुदायिक रेडियो इतिवृत्तान्त* । घमराज लुइँटेल र मधु आचार्य, पृ. ११७ । काठमाडौँ : सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह ।

ढुङ्गेल, विनोद । २०६४ । *शाही शासनमा स्वतन्त्र रेडियो : दमन र प्रतिरोधको कथा* । काठमाडौँ : मार्टिन चौतारी ।

तामाङ, प्रतीक डेसुर । २०६२ । तामाङ भाषाका रेडियो कार्यक्रममा बहसको स्वरूप । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. ४२४-४४८ । काठमाडौँ : मार्टिन चौतारी ।

थापा, मञ्जु । २०५९ । महिलासम्बन्धी सवालहरूमा जनमतको सिर्जना : एफएम रेडियोको उपयोग । *स्थानीय रेडियो : सम्भावना र उपयोगिता* । प्रत्यूष वन्त र रघु मैनाली, सं., पृ. ६५-७८ । नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारी ।

प्रेमर्षि, धीरेन्द्र । २०६१ । रेडियोमा मधेस र मधेसी । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३४९-३६६ । काठमाडौँ : मार्टिन चौतारी ।

महर्जन, बसन्त । २०५९ । काठमाडौंका एफएम रेडियोमा नेपाल भाषा । *स्थानीय रेडियो : सम्भावना र उपयोगिता* । प्रत्यूष वन्त र रघु मैनाली, सं., पृ. १२१-१३८ । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारी ।

मैनाली, रघु । २०५९ । सामुदायिक रेडियो : सङ्घर्षशील यात्रा । *स्थानीय रेडियो : सम्भावना र उपयोगिता* । प्रत्यूष वन्त र रघु मैनाली, सं., पृ. २५-३३ । काठमाडौं : नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारी ।

यात्रु, कुमार । २०५८ । रेडियोमा जनजाति । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. ११३-१३४ । काठमाडौं : एकता बुक्स ।

यात्रु, कुमार । २०६१ । रेडियो नेपाल र जनजाति । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३१७-३४८ । काठमाडौं : मार्टिन चौतारी ।

वन्त, प्रत्यूष, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं. । २०६२ । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* । काठमाडौं : मार्टिन चौतारी ।

वन्त, प्रत्यूष, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं. । २०६४ । *समावेशी मिडिया* । काठमाडौं : मार्टिन चौतारी ।

विश्वकर्मा, चक्रमान । २०५८ । रेडियोमा दलित । *नेपाली मिडियामा दलित तथा जनजाति* । प्रत्यूष वन्त र शेखर पराजुली, सं., पृ. ६९-९० । काठमाडौं : एकता बुक्स ।

विश्वकर्मा, जेबी । २०६४ । रेडियोमा दलित सहभागिता र कार्यक्रम । *समावेशी मिडिया* । प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं., पृ. १६७-१८५ । काठमाडौं : मार्टिन चौतारी ।

शर्मा, बीना । २०६१ । रेडियो नेपालमा महिला कार्यक्रम : विगतदेखि वर्तमानसम्म । *रेडियो नेपालको सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. २९७-३१६ । काठमाडौं : मार्टिन चौतारी ।

हुमागाईं, देवराज । २०६२क । नेपालमा एफएम रेडियोको विस्तार । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. ३-५९ । काठमाडौं : मार्टिन चौतारी ।

हुमागाईं, देवराज । २०६२ख । कानून, नीति तथा सरकारी रवैया । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., पृ. ८७-१३७ । काठमाडौं : मार्टिन चौतारी ।